कर्णाली प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सम्पर्क नं.:०८३-५२३६७२

## प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/१२/१२

यस मन्त्रालयको आ.व.२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम युवा उद्यमशिलता पुरस्कार अन्तर्गत कर्णाली प्रदेशका २४ प्रदेश निर्वाचन क्षेत्रका १/१जना युवा उद्यमीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम रहेकोले सो कार्यक्रममा सहभागी हुन इच्छुक कर्णाली प्रदेशमा स्थायी बसोबास गर्ने १६-४० वर्षका युवाहरुले तपसिलमा उल्लेख भएका कागजातहरु स्वयंले प्रमाणित गरी यो सूचना प्रकाशन भएको मितिले ३०(तीस) दिनभित्र सामाजिक विकास मन्त्रालयमा स्वयम् उपस्थित भई वा मन्त्रालयको इमेल ठेगाना ysd.mosdkarnali@gmail.com मा प्रस्तावना पठाउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

(क) युवा उद्यमशिलता पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ को अनुसूची-१ बमोजिमको निवेदन,
(ख) व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ग) अन्य प्रदेशबाट आएको हकमा नियमानुसारको बसाईंसराईं दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(घ) बैंक खाता र सोको विवरण,
(ङ) अनुसूची-२ बमोजिमको स्वघोषणापत्र,
(च) सोह्र वर्ष पूरा गरी चालिस वर्ष ननाघेको नेपाली नागरिक,
(छ) आफ्नो नामबाट उद्योग दर्ता गरी विगत तीन वर्षदेखि निरन्तर रुपमा उद्योग व्यवसाय सञ्चालन गरेको,
(ज) स्थानीयस्तरमा रोजगारी सिर्जना गरेको,
(झ) श्रम सम्बन्धी कानून उल्लंघन गरेको कारणबाट कारवाहीमा नपरेको,
(ञ) उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सहयोग पुऱ्याएको,
(ट) प्रचलित कानून बमोजिम अयोग्य नभएको।